## परिचय

वातावरण संरक्षण अहिलेको प्रमुख आवश्यकता हो । विकास त्यसमा पनि वातावरणीय क्षति हुने गरी गरिएको विकासले हामी दिनदिनै प्रताडित हुँदैछौँ । यी र यस्ता विषयमा केवल सरकारी वा गैरसरकारी संस्थालाई मात्र जिम्मेवार नबनाई भोलिका कर्णधार मानिएका युवा तथा विद्यार्थीलाई स्कुल तहदेखि नै संलग्न गराउँदै जानुपर्ने हुन्छ । युवा विद्यार्थीलाई वन, वातावरण, वन्यजन्तुलगायतका विषयमा संलग्न गराउने उद्देश्यले 'इको क्लब'को गठन र सञ्चालन गर्ने गरिन्छ । अर्को भाषामा भन्दा "Learning from an early age" भन्ने अवधारणमा विद्यालयका भाइबहिनीलाई संरक्षण शिक्षा दिई प्रकृति संरक्षण कार्यमा लगाउनु यसको प्रमुख उद्देश्य रहेको छ । प्रकृतिले अद्भूत रूपमा दिएको तर हामीले बेवास्ता गरेको डडेल्धुराको वन क्षेत्र, वन्यजन्तु, चराचुरूङ्गी, पर्यापर्यटन, हाइकिङ, ट्रेकिङ, ताल, तलैया, झरना आदिप्रति विद्यार्थीलाई रूची जगाउने उद्देश्यले डिभिजन वन कार्यालयले स्कुल शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । जिल्ला शिक्षा समन्वय इकाईसँग सहकार्य गरेर आगामी दिनमा 'इको क्लब' गठन गरिँदै जाने हुनाले विद्यार्थीलाई बुझाउन सजिलो होस् भन्ने उद्देश्यले यो सामग्री तयार गरिएको छ । वातावरण संरक्षण, प्रकृति र पर्यावरणप्रति विद्यार्थीलाई सक्रिय बनाई व्यवहार परिवर्तन गर्न र वातावरण संरक्षणमा विद्यार्थीहरूको प्रत्यक्ष सहभागिता गराउने उद्देश्यका साथ विद्यार्थी वातावरण समूहको अवधारणा अघि सारिएको हो । हाल देशभरी विभिन्न विद्यालयमा ५०० भन्दा बढी 'इको क्लब' गठन भएका र ८० हजारभन्दा बढी विद्यार्थी आबद्ध रहेका छन् । डडेल्धुरामा केही वर्षपहिले केही विद्यालयमा 'इको क्लब' गठन भएको भए तापनि निरन्तरताको अभावले अहिले अस्तित्वमा छैनन् । आगामी दिनमा वन कार्यालय, पालिका, जिल्ला समन्वय समिति, स्थानीय सामुदायिक वनको सहयोगमा सम्भव भएसम्मका विद्यालयमा 'इको क्लब' गठन गरी त्यसलाई निरन्तरता दिइने छ, जसबाट युवा विद्यार्थीले वन, वातावरणप्रति सचेत रहनेछन् भन्ने अपेक्षा लिएका छौँ । विद्यार्थी वातावरण समूहलाई अङ्ग्रेजीमा Student Eco Club र छोटकरीमा Eco Club मात्र पनि भन्न सकिन्छ । कसै-कसैले यसलाई नेचर क्लब, ग्रिन फोर्स क्लब भनेर पनि नामकरण गरेका छन् । नाम जेसुकै भए पनि यिनको काम, कर्तव्य र अधिकार एउटै खालका छन् । इकोको (Eco) अर्थ पारिस्थिकीय प्रणाली (Ecology/Ecological) र क्लबको (Club) अर्थ मनिसको समूह हो, यी दुई शब्द मिलेर 'इको क्लब' भनिएको हो ।

ECO CLUB

## 'इको क्लब'को उद्देश्य

- समूहमा सहभागी भएका विद्यार्थीलाई प्राकृतिक वातावरण संरक्षणसम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको विकास गराउने ।
- विद्यालयको वातावरण स्वच्छ र हरियाली बनाउने ।
- समूहमा सदस्य रहेका विद्यार्थीलाई वातावरण संरक्षणसम्बन्धी कार्यमा प्रत्यक्ष सहभागी गराउने ।
- राम्रा सिकाइका अनुभव आदान प्रदान गरी वातावरणप्रति सचेत पिंढीको विकास गर्ने ।
- विभिन्न तालिम, खेलकुद एवं अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीको व्यक्तित्व एवं नेतृत्व सीपको विकास गराउने ।
- विद्यार्थीको माध्यमबाट विद्यालय र विद्यालय नजिकको समुदायमा वन्यजन्तु संरक्षण एवं वातावरण संरक्षणसम्बन्धी चेतना विस्तार गर्ने ।
- विद्यार्थीलाई स्थानीय क्षेत्रको वातावरण संरक्षणसम्बन्धी क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने ।
- हरित उपहार आदानप्रदान (Green Gift Exchange) लगायत अन्य विविध कार्यक्रमद्वारा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विद्यार्थीबीच वातावरण संरक्षणसम्बन्धी अवधारणा एवं अनुभव विस्तार गर्ने ।
- संरक्षण शिक्षाको दिगो विकासका लागि 'इको क्लब'को सङ्ख्यात्मक र गुणात्मक विकासद्वारा गुणस्तर शिक्षा अभिवृद्धि गर्ने ।

## सदस्यता र कार्यसमिति

विद्यालयमा कक्षा ४ देखि १२ सम्म अध्ययन गर्ने सम्पूर्ण छात्रछात्रा यस क्लबको सदस्य हुन पाउँछन् । विद्यार्थी वातावरण समूहको निर्णयअनुसार स:शुल्क वा नि:शुल्क साधारण सदस्यता लिएका विद्यार्थी सदस्य हुन्छन् । कार्यसमितिले तोकेबमेजिम वार्षिक साधारण सदस्यता शुल्क वर्षको एकपटक तिर्नुपर्नेछ । कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्षलगायत थप मनोनित वा निर्वाचित सदस्यसहित विद्यालयको प्रकृति हेरी प्रा.वि. तहमा बढीमा ७ जना, आधारभूत तहमा बढीमा ९ जना र मा.वि मा ११ देखि १५ जना सदस्य हुन्छन् । कार्यसमिति सदस्य बन्नका लागि साधारण सदस्यता लिएको, समूहलाई विधानअनुसार अगुवाई गर्न सक्ने खालको विद्यार्थी हुनु पर्नेछ । आवश्यकताअनुसार वातावरण विषयको शिक्षक वा 'इको क्लब'को पूर्व विद्यार्थी वा व्यवस्थापन समितिका सदस्य वा नजिकका वन वातावरण विषयका सिनिएर विधार्थी सल्लाहकार समितिमा रहन सक्नेछन् । यसका अलावा नजिकको वन कार्यालयका प्रतिनिधि, पालिकाका वन वातावरण हेर्ने निर्वाचित पदाधिकारी र सामुदायिक वनका प्रतिनिधिलाई समेत आवश्यकताअनुसार सल्लाहकारमा राख्न सकिन्छ ।

## 'इको क्लब'को उद्देश्य प्राप्तिका लागि सम्भाव्य क्रियाकलाप

- विद्यालयमा हरित बगैचा तथा फुलबारी निर्माण
- विद्यालय परिसरभित्र करेसाबारी बनाउने
- कृषि वन व्यवस्थापन
- विद्यालय परिसरभित्र रहेका रूख विरूवामा Tagging गर्ने ।
- इको लाइब्रेरीको स्थापना
- जैविक सङ्ग्राहलय निर्माण
- नियमित विद्यालय सरसफाई
- विद्यार्थीको प्रतिभा प्रष्फुटन तथा संरक्षण सचेतनाका लागि अन्तर सदन तथा अन्तर विद्यालयस्तरीय प्रतियोगिता सञ्चालन गर्ने । जस्तै वादविवाद प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, हिज्जे प्रतियोगिता, हाजिरिजवाफ प्रतियोगिता, चित्रकला प्रतियोगिता, निबन्ध प्रतियोगिता, हारबेरियम प्रतियोगिता, रिसाइकल रियुज प्रतियोगिता, सडक नाटक प्रतियोगिता, कविता प्रतियोगिता, संरक्षण गीत तथा नृत्य प्रतियोगिता, खेलकुद, सांस्कृतिक कार्यक्रम ।





- बेलाबेलामा सम्पूर्ण विद्यार्थीलाई परिचालन गरी विद्यालय र विद्यालयको वरपर तथा विद्यालय नजिकको मन्दिर, गुम्बा वा अन्य धार्मिक स्थलको सरसफाई अभियान सञ्चालन गर्ने । प्लाष्टिकको प्रयोग कम गर्ने अभियान चाल्ने र छिमेकीलाई पनी त्यस बारेमा चेतना जागरण गर्न पहल गर्ने ।
- विद्यालयमा सड्ने र नसड्ने फोहर जम्मा गर्ने खाडल, डष्टविन निर्माण गर्ने ।
- विद्यालयको हाताभित्र र नजिकको खाली ठाउँमा वृक्षरोपण गर्ने ।
- विद्यार्थी वातावरण समूहको सक्रियतामा विभिन्न पर्व, दिवसमा विविध सचेतनामूलक कार्यक्रमका साथ मनाउने र आवश्यकताअनुसार र्‍यालीको आयोजना गर्ने । जस्तैः विश्ववातावरण दिवस, अन्तर्राष्ट्रिय 'इको क्लब' दिवस, 'विश्व सिमसार दिवस', 'वन्यजन्तु सप्ताह', 'जैविक विविधता दिवस' 'पृथ्वी दिवस', 'विश्व सम्पदा दिवस', 'विश्व खानेपानी दिवस', 'विश्व स्वास्थ्य दिवस' ।
- विद्यार्थीलाई जङ्गलमा लगेर चरा, पुतली, स्तनधारी, विरूवा अवलोकन गराउने, नजिकको जङ्गल, राष्ट्रिय निकुञ्ज तथा सांस्कृतिक क्षेत्रको भ्रमण गराउने । नियमित हाइकिङ, ट्रेकिङमा लैजाने ।
- विभिन्न 'इको क्लब'बीच स्थानीय क्षेत्रको संस्कृति र वातावरणीय परिस्थिति झल्कने खालको हरित उपहार आदानप्रदान गर्ने ।
- विद्यालयमा 'इको चर्पी' बनाउने तथा बनिसकेका चर्पीको सही तरिकाले व्यवस्थापन गर्ने ।
- समूहको कोष वृद्धि गर्न मद्दत पुग्ने खालका क्रियाकलाप सञ्चालन गरी कोष वृद्धि गर्ने ।
- संरक्षणसम्बन्धी भित्तेलेखन गर्ने ।
- वन्यजन्तुको उद्धार र पुन:स्थापनामा सहजीकरण गर्ने ।

## आर्थिक व्यवस्था

समूहको मुख्य आर्थिक स्रोत समूहका सदस्य (विद्यार्थी)बाट साधारण सदस्यता शुल्कबापत उठेको रकम हुन्छ । त्यसैगरी विद्यालयबाट प्राप्त अनुदान रकम, अभिभावक र पूर्व विद्यार्थीबाट प्राप्त सहयोग रकम, सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त अनुदान र सहयोग, विद्यार्थीले तयार गरेको सामाग्री बिक्रीबाट प्राप्त रकम, विद्यार्थी वातावरण समूहबाट सञ्चालन गरिएका नर्सरी, तरकारी, फलफूल, फूल जस्ता सामग्री बिक्रीबाट प्राप्त रकम, विद्यालयमा खेर गएका उपकरण वा सामान (recycle, re use) बिक्री गरेर प्राप्त रकम, विभिन्न सांस्कृतिक कार्यक्रम जस्तैः देउसीभैलो आदिबाट उठेको रकम, अन्य कुनै वैधानिक स्रोतबाट आएको रकम समूहको आर्थिक स्रोत हुन सक्छ ।

संरक्षक र शिक्षकको सहयोगमा विभिन्न संघ/संस्थासँग समन्वयन गरेर वा

प्रस्तावन लेखेर समेत आर्थिक सहयोग वा आवश्यक समाग्री जस्तै डस्टबिन, पन्जा, मास्क, रूख बिरूवाको व्यवस्थापन, जनचेतनामूलक सामग्री प्रकाशन वा चेतना अभिवृद्धिलगायतका कार्यक्रम गर्न सकिन्छ । आवश्यकताअनुसार विद्यालयले पालिकासँग र स्थानीय आर्थिक रूपले सम्पन्न सामुदायिक वनसँग समन्वय गरी नियमित रूपमा केही रकम आर्जन गर्न सक्नेछन् ।

## वातावरण संरक्षणसम्बन्धी विभिन्न दिवस

वातावरण संरक्षणमा संसारभरिका जनताको ध्यानाकर्षण गर्ने उद्देश्यले विभिन्न वन वातावरणसँग सम्बन्धित दिवस समारोह विश्वव्यापी मनाइने गरिन्छ । यी दिवस तथा समारोहलाई युवा तथा विद्यार्थीले आफूलाई मन पर्ने र उपयुक्त लागेमा आफ्नो क्षमताअनुसार मनाउने गर्न सक्छन् । यहाँ विश्वव्यापी र नेपालमा मनाइने वातावरणसँग सम्बन्धित प्रमुख दिवस, समारोहका बारेमा जानकारी गराइन्छ ।

January 5 : International Bird Day
February 2 : International Wetland Day
Third Saturday of February : world Pangolin Day
March 3 : World Wildlife Day
March 20 : World Sparrow Day
March 21 : International Day of Forest/ Wood Day
March 22 : World Water Day
March 23 : World Meteorological Day
April 17 : Bat Appreciation Day
April 18 : World Heritage Day
April 22 : World Earth Day
Last Friday in April : Arbor Day (Depends on the country by country)
May 4 : International Firefighters Day
Second Saturday of May : World Migratory Bird Day
May 15 : World Climate Change Day
Third Friday of May : Endangered Species Day
May 22 : International Bio Diversity Day
June 5 : World Environment Day
June 8 : World Ocean Day
June 17 : International Day to Combat Desertification
July 16 : World Snake Day
July 28 : World Nature Conservation Day
July 29 : International Tiger Day
July 31 : World Rangers Day
August 1 : International Tree Plantation Day
August 4 : International Owl Awareness Day
August 10 : World Lion Day
August 12 : World Elephant Day
First Saturday of September : Vulture Awareness Day
September 16 : International day for the preservation of the Ozone Layer
Third Saturday of September : International Red Panda Day
September 21 : International day of struggle against monoculture plantations
September 22 : World Rhino Day







September 27 : World Tourism Day
First Monday of October : World Habitat Day
October 4 : World Animals Day
October 13 : International Day for Disaster Reduction
October 16 : World Food Day
Fourth Wednesday of October : Sustainability Day
October 21 : Reptiles' awareness Day
October 23 : International Snow leopard Day
October 24: International Day of Climate Action
November 21 : World Fisheries Day
December 5 : World Soil Day
December 11 : International Mountain Day
December 14 : National Energy Conservation Day



वैशाख १-७ : वन्यजन्तु सप्ताह
जेष्ठ ५ : रेन्जर संघ स्थापना दिवस
जेष्ठ १८ : सामुदायिक बन उपभोक्ता महासंघ स्थापना दिवस
असार २ : चुरे दिवस
असार १४ : रास्ट्रिय वृक्षारोपण दिवस
श्रावण २४ : भूसंरक्षण दिवस
श्रावण २५ : सामुदायिक वन दिवस
सेप्टेम्बर २३ : राष्ट्रिय संरक्षण दिवस
मङ्सिर ४ : वन प्राविधिक संघ स्थापना दिवस
फेब्रुअरीको पहिलो शुक्रबार र शनिबार : राष्ट्रिय लाटोकोसेरो महोत्सव
फागुन २ : 'इको क्लब' दिवस
चैत्र १-७ : वन डढेलो सचेतना सप्ताह
चैत्र ३० : वनस्पति दिवस



## आगामी बाटो

'इको क्लब'लाई सक्रिय बनाउन स्कुल व्यवस्थापन समिति र शिक्षकको नियमित उत्प्रेरणाका लागि वन कार्यालय, जलाधार कार्यालयको विशेष योगदान रहन्छ । त्यसैले विद्यार्थीलाई निरन्तर हौसला बढाउने र नयाँनयाँ कुरा सिकाउनतिर अग्रसर हुनुपर्छ । सबै विद्यार्थीको घरमा पनि कम्तीमा एउटा वातावरणमैत्री क्रियाकलाप गर्न लगाउनु पर्छ, जसले गर्दा परिवार र समाजमा समेत वातावरण संरक्षणको सन्देश पुग्छ ।

**प्रकृतिको सर्वोच्चता स्वीकार गरौं !**
**संरक्षणको स्तर उकासौं !!**




# इको क्लब

## एक जानकारी

(विद्यालय बालबालिकामा समर्पित)

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**
फोन नं. ०९६-४२०१४५
Email : dfodadeldhura096@gmail.com
website : dfodadeldhura.gov.np